**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

२०७७/०२/१५

छैटौं अधिवेशन

(तेस्रो बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. **माननीय सदस्यहरू,**

यस सभाको छैटौं अधिवेशनको तेस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय दुर्गा कुमारी वि.क.**

माननीय सभामुख महोदय यो अधिवेशन को आज तेस्रो वैठक भैसकेको छ यो तेस्रो बैठक सम्म तीनपटक सम्म रुकुमको घटनाको बिषयको लागि बोल्नको लागि आतुर भएर समय मागेका थियौ समयवस आजसम्म यो घटनाले यो सदनमा प्रबेश हुनसकेको छैन। माननीय सभामुख महोदय, रुकुम चौरजहाडिका वडा न. ८ सोति निबासि सुस्मा मल्लसँग चौरजारि वडा न. ४ निवासि नवराज बि क ले प्रेम सम्वन्ध गरेको निहुमा उहा लगायत उहाका साथिहरुको निरवर्ता पुर्वक हत्या भएको छ, यस्तो प्रवर घटनाको जति निन्दा गर्दा पनि कमि हुन्छ । माननीय सभामुख महोदय आज ६० लाख दलित समुदायको आत्म सम्मानमा चोट पुगेको। छ माननीय सभामुख महोदय आज स्वाभिमानी नेपाली हरुको शिर झुकिराखेको छ राज्य निडर भएर बसिराखेको छ यो घटना एउटा प्रतिनिधिमुलक घटना मात्र होइन माननीय सभामुख महोदय यस्ता घटनाहरु पटक पटक घटिराखेका छन अहिले सम्म साच्चिकै राष्ट्रले छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको छ । माननीय सभामुख महोदय, हामी यो रोष्टममा उभिएर हामी दुखका साथ भन्न चाहान्छौ माननीय सभामुख महोदय रगत उम्लिराखेको छ देशकै नागरिकको शिर निहुरिराखेको छ । माननीय सभामुख महोदय, यस्तो बर्बरपूर्ण घटनाको अझै प्रोत्साहन गर्ने गरेर बिभीन्न सामाजिक सञ्जालमा यस्ता अपराधीहरुलाई प्रोत्साहन गर्ने गरेर अभिव्यक्ति दिइराखेको छ । माननीय सभामुख महोदय, हामीलाइ गिज्याइ राखेका छन् । मलाइ हेर्न वित्तीकै सबैका अनुहार म तिर फर्कि राखेका छन् । माननीय सभामुख महोदय, यो के हुदै छ । के भोगिदै छ । के बोलिदै छ यो सदनमा भनेपछि दलितकाकुराहरु उठाउनका लागि मात्रै आएका हौ र तिमीहरु भन्ने पनि अभिव्यक्ति आयका छन । माननीय सभामुख महोदय यो कति लज्जास्पद कुरा हो अब बोल्न हामी बाध्य भएका छौ । सडकमा आन्दोलन भैराखेको छ यस्तो लकडाउनको बेलामा कोरोनाले आक्रान्त भएको बिश्वमा नेपालमा यतिका कुराहरु चाही आइराखेको बेलामा पनि तर यस्ता दुखद घटनाले गर्दा खेरि हाम्रो शिर निहुरिराखेको छ । माननीय सभामुख महोदय यति मात्रै होइन जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा गरिसकेपछि १७ जनाले अहिलेसम्म ज्यान गुमाएका छन हो दलित भएकै कारणले स्वाभिमानमा चोट पुग्ने गरेर

एउटा मानवको मानव अधिकार हनन् गरेर मानवले मानव समान बाँच्न पाइराखेको छैन । आफ्ना अभिव्यक्ति दिइराखेका छैनन् यस्ता घटनाले गर्दा खेरी हाम्रो संविधानले परिकल्पना गरेको समतामुलक समाजको निर्माण गर्ने हामीले जुन अभिभारा हाम्रो काधमा आएको छ त्यो हामी गर्न सक्छौ कि सक्दैनौ माननीय सभामुख महोदय, दलित समुदायकाले सवालहरुले अहिले सम्म स्थान पाइराखेको छैन । माननीय सभामुख महोदय सरकार किन गम्भीर हुन सकेको छैन यस्ता घटना लीयर यो समाज भाडिन्छ कि यो समाज निर्माण हुन्छ माननीय सभामुख महोदय यो हामी तत्काल यस्ता घटनामा संलग्न अपराधीहरुलाइ कानुनको दायरामा ल्याएर अपराधी सार्बजनिक गरेर कानुनी कार्बाहि कडाभन्दा कडा कार्बाहि अगाडि बढाइयोस र मृतकका परिवारलाइ उचित क्षतिपुर्ति सहितको राहत उपलव्ध सरकारले गरावस र कानुनी कट्घेरामा चाडो भन्दा चाडो उभ्यायोस भन्ने जोडदार माग राख्न चाहान्छु माननीय सभामुख महोदय, धन्यबाद ।

**माननीय टेक बहादुर रैका**

सभामुख महोदय, जाजरकोट जिल्ला धोजे नगरपालिका वडा न. ४ निवासि नवराज बिक र रुकम पश्चिम जिल्ला नगरपालिका वडा न. ८ स्वति निवासि कृष्ण मल्ल विच लामोसमय देखि प्रेम सम्बन्ध रहि आयको र अन्तरजातिय बिबाह गर्न खोज्दा कृष्ण मल्लको आमा र वडाअध्यक्ष डम्मरबहादुर मल्ल लगाएत का गाउले मिलेर सांङघातीक हमाला गरेर ज्यान सम्म गुमाएका छन ज्यान गुमाउने समुदाय प्रति हार्दिक समबेदना व्यक्त गर्दछु र साथै प्रदेश सरकार मार्फत संघीय सरकारलाइ अपराधिलाइ कडा भन्दा कडा कानुनको दायरामा लिएर कारबाहिका लागि माग गर्न चाहन्छु । सभामुख महोदय रुकुम जिल्ला जनयुद्धको बेला ६०० जनता दलितहरुले सहिद भएको जिल्ला हो ।तपाइलाइ गास, बास, शिक्षा र जातिय छुवाछुतको अन्त गर्छु भनेर बन्दुक बोकायको जिल्ला हो आज त्यहि जिल्लाका गृहमन्त्री त्यहि जिल्लाका माओबादि नेता जस्ले हातमा हात हतियार दिएको छ त्यहि खालका जनता माथि सहमत गरेका छौ । माननीय सभामुख महोदय धनगढी उप-महानगरापालिकाका मेयर नृप वड प्रति वडा नं.३ का प्रकाश पाण्डेले छोटो जात भए उत्पात भनेर विभिन्न फेसबुकका पेज मार्फत दलित जातिको बारेमा थुप्रै अशब्द प्रयोग गरेका छन त्यलाइ हामीले जातिय छुवाछुत हो भनेर जिल्ला प्रहरी कार्यालयमा मुद्दा दाहेर गरेका छौ । सम्बन्धित राजनितैक पार्टी त्यसको आधारमा अपाराधी लाइ कानुनको दायरामा ल्याउनुको सट्टा मिलिमहत्वले राज्यको सरकारको पहुचले गर्दा त्यो धरौटि दिएर छुटाइएको छ । त्यस्ता अपराधी माथि कडा कारबाहि हुनुपर्छ भर्खरै मात्रै भर्खरै मात्र वडा नं. ९ का आशा विष्ट र अन्तरजातिय विवाह सम्बन्धमा पेटमा पेटमा गर्भिणि भएको बच्चालाइ सर्टिराखेको छ र त्यसमा जबरजस्तिकरणिको मुद्दा लगाइएको छ यस्ता अपराधिहरुलाइ कडा से कडा कारबाही होस भन्ने माग राख्न चाहान्छु ।हवस त धन्यबद ।

**माननीय श्यामलाल रानाथारु**

माननीय सभामुख महोदय विभिन्न कामको शिलशीलामा जिल्ला बाहिर र देश बाहिर रहेका प्रवासि नेपाली दाजुभाइहरु कोरोना महामारिका कारणले फर्किदै छन र ति फर्कियका नेपाली दाजु भाइहरुलाइ क्वारेन्टाइन निर्माण गर्ने क्रममा कञ्चनपुर जिल्ला कृष्णपुर नगरकालिका वडा न.७ का वडाअध्यक्ष कल्लु रानाको असमायिक निधन भएको छ यसरी कर्तब्य पालनको शिलशिलामा उहाको निधन भएको छ । म मृतकको आत्माको चिरशान्तिको कामना गर्दछु साथै शोकसन्तप्त परिवारप्रति सम्वेदना प्रकट गर्न चाहान्छु । यसरि एउटा कुशल इमान्दार र कर्मठ जनप्रतिनिधिको निधन भएको छ। यसले हामी सबैलाई दुखि पारेको छ। माननीय सभामुख महोदय, म उहाको परिवार प्रति सरकारले उचित सम्मान र उचित सेवा सुविधा सहितको ब्यस्था गरोस भन्ने माग राख्न चाहान्छु । साथै यसरी कर्तब्य पालनको शिलशिलामा अहोरात्र खटिएका जनप्रतिनिधि स्वर्गिय कल्लु रानालाइ सरकारले सहिद घोषणा गर्न सरकार सँग माननीय सभामुख मार्फत अनुरोध गर्न चाहान्छु, धन्यवाद ।

**माननीय उमा कुमारी वादी**

माननीय सभामुख महोदय यो देशमा विधिको शासन छैन कि दलितहरुको नेपालमा बसोबास छैन । यो धैरै लाजमर्दो कुरो हो त्यसकारण जसजसले त्यस घटनामा घटाय दलित माथि जुन अत्याचार गाह्रो भो अप्ठ्यारो स्थितिमा जुन मानिसहरुले ज्यान गुमाय तिनिहरुलाइ कडा भन्दा कडा सजा होस धन्यबाद

**माननीय कुन्ती जोशी**

माननीय सभामुख महोदय, महामारी विश्व नै मानव जातिलाइ नै चुनौति दिएको कोरोना भाइरसकै महामारीको बिचमा हामीले सोचेका थियौ हामी सवै नेपाली दाजुभाइ मिलेर कोरोनाका बिरुद्ध मा लड्छौ भन्ने हामीले त्यस्तो आत्माविश्वास लिएका थियौ यताकता यि धैरै घटनाहरुले गर्दा खेरी हामी सवै अलिकति के हो त भन्ने प्रश्नावलि हामी सवै को मनमा ठुला प्रश्नहरु आउने अवस्था देखीएको छ र डडेल्धुरा जिल्लाको अमरगडी नगरपालिका वडा न.७ निवासी निर्मला बोहरा अस्थि आजभन्दा तिन दिन अगाडि एउटा होटेलमा बसेको जानकारीमा आएको छ र निर्मला बोहरा सँगै एकजना अर्को मान्छे पनि बसेको जानकारी आएको छ र भोलि पट्टी बिहान हिजो मात्रै हिजो बिहान निर्मला बोहराको लाश मृत अवस्थामा चाही फेला परेको अवस्था छ र मैले के भन्न चाहान्छु भने सत्य तथ्य छानविन गरेर चाहि निर्मला बोहरा मारिएकि वा आत्महत्या गरेकि हुन त्यसको सत्य तथ्य छानविन भएर दोषिलाइ चाहि कडा भन्दा कडा कारवाही गरियोस भन्ने माग गर्न चाहान्छु साथै जुन जाजरकोट र रुकुममा भएको सांघातीक

हमला गरी मान्छेहरु मर्नेसम्म पुगे त्यसको घोर भत्सना गर्न चाहान्छु र सम्वन्धीत दोषिहरुलाइ कडा भन्दा कडा कार्बाहि गरियोस भन्ने आग्रह गर्न चाहान्छु धन्यवाद ।

२. **माननीय सदस्यहरु,**

आज तेह्रौ गणतन्त्र दिवशको उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सामाजिक विकास मन्त्रालयबाट कोरोना महामारी रोकथाम र नियन्त्रण तथा मन्त्रालयले गरेका काम कारवाहीका सम्बन्धमा सदनलाई जानकारी गराउनविशेष समय माग भै आएकोले प्रदेश सभा नियमावली, २०७४ को नियम १९९ बमोजिम सामाजिक विकास मन्त्री माननीय कृष्णराज सुबेदीलाई समय दिन्छु ।

माननीय सभामुख महोदय, सर्वप्रथम १३औं गणतन्त्र दिवशको शुखद उपल्यक्षमा माननीय सभामुख मार्फत सम्पुर्ण माननीयज्यु हरुलाई हार्दिक सुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदय सामजिक बिकास मन्त्रालयले प्रदेश सरकार कार्यविभाग नियामावली, २०७४ मा उल्लेख भए बमोजिम क्षेत्राधिकार भित्र रहि प्रदेशका स्वास्थ्य शिक्षा, युवा, खेलकुद, महिला, बालबालिका, भाषा, संस्कृति, कला, साहित्य तथा रोजगार क्षेत्रहरुमा कार्य गर्दै आएको कुरा सम्मानीत सदन लाइ अवगत नै छ । माननीय सभामुख महोदय चिनको उहान प्रान्तबाट सुरुवात भएको कोरोना भाइरस कोभिड १९ ले आज सारा विश्व समुदाय नै आक्रान्त भइहेको अवस्थामा विश्वका २१५ देशका करिव ५७ लाख जनतालाइ संक्रमण देखिएको छ भने ३ लाख ५५ हजार जतिले आफ्नो ज्यान गुमाइसकेको छन यस रोगको भयले गर्दा मानिसहरु लकडाउनको अवस्थामा घरभित्र छन क्वारेनरटाइनमा छन र लगभग २९ लाख ५ हजार जति मानिस अजै अस्पतालमा उपचाररत छन यातायात, कलकारखाना, उद्योग व्यवसाय प्राय ठप्प छन यसको प्रभाव नेपालमा पनि परेको छ । नेपालमा हिजो सम्म ८८६ जना संक्रमित भएका छन १८३ जना उपचार पश्चात घर फर्केका छन भने ४ जनाले मृत्युवरण गर्नुपरेको छ मुलुक २ महिना भन्दा लामो समयदेखि लकडाउनमा छ । नियन्त्रणका लागि प्रयासहरु निरन्तर भएका छन् त्रास घट्न सकेको छैन सुदूरपश्चिम प्रदेशमा पनि शुरुवाती चरणमा देखा परेका ५ जना संक्रमित निको भएर घर फर्किएता पनि पछिल्ला दिनहरुमा १२ ओटा थप संक्रमित देखीनु र हिजो मात्रै ३ जना  थपिनेले गर्दा शुदुरपश्चिम प्रदेशमा आज सम्म २० जना संक्रमित देखिनु भएको छ । रोजगारिको लागि भारत  तर्फ जानुभएका दिदिबहिनि, दाजुभाइहरु घर फर्किनुले कोरोनाको जोखिम उच्च बनाएको छ । नया संक्रमित व्यक्तिहरु थपिदै जानुले कोरोना नियन्त्रणमा केहि चुनौति थपे पनि प्रदेश सरकार यसको रोकथाम नियन्त्रण र व्यवस्थापन मा गम्भीर ढङ्गले लागि परेको सम्मानित सदन समक्ष जानकारि गराउदछु । माननीय सभामुख महोदय अब म कोभिड १९ सम्बन्धि सरकारले हालसम्म गरेको व्यवस्थापकिय पक्षको बिषयमा  सम्मानित सदनलाइ जानकारि गराउन चाहान्छु भारत लगायत

अन्य मुलुकबाट आइ सिमा नाकामा अलपत्र परेका करिब ४० जिल्लाका नागरिकहरु लाइ सम्बन्धित जिल्ला पठाइ स्थानिय तहहरुमा पठाइएको र पठाउने कार्य निरन्तर चलिरहेको छ संघिय सरकारसँगको समन्वयमा ३३ जना बिशेज्ञ चिकित्सकहरुले प्रदेशका बिभिन्न जिल्लामा परिचालन गरेको र चिकित्सकहरु फिर्ता भइ पनि सक्नु भएको छ सेति प्रादेशिक अस्पताल अन्तर्गत रहने गरि छुट्टै आइसोलेसनका लागि ५० सैयाको प्रिफ्याव कोरोना अस्पताल निर्माण भइ सम्पन्न भइ सेवा सुचारु हुने प्रक्रियामा रहेको र महाकालि अस्पतालमा निर्माण कार्य सम्पन्न हुने प्रक्रियामा रहेको छ । २० ओटा भेन्टिलेटर सहित ३ ओटा स्थानमा पिसिआर मेसिन सहितको प्रयोगशाला स्थापना एवम सञ्चालनको लागि १५ करोड ७३ लाख ८० हजार रुपिया लागत को प्रदेश स्वास्थ आपुर्ति व्यवस्थापन केन्द्र कैलालीमा बोलपत्र आह्वान भैसकेको छ सेति प्रादेशिक अस्पतालमा १० शैयामा र महाकालि अस्पतालमा ४ शैयाको आइसियु बेड क्षमता बढाइ कार्यहरु सुचारु गरियको छ कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणको लागि पिपिइ सेट एन ९५ मास्क र प्रयोगशालाका लागि आवस्यक औजार उपकरण लगायतका सामग्रिहरु खरिद गरियको तथा खरिदको अन्तिम चरणमा रहेको छ । संघिय सरकारसँग समन्वय गरि सेति प्रादेशिक अस्पताल अन्तर्गत रहने गरि पशुपन्छि रोग अन्वेषण प्रयोगशाला कैलाली मार्फत कोभिड १९ को पिसिआर बिधिबाट प्रक्षण गर्ने व्यवस्था मिलाएको र सेति प्रदेशिक अस्पतालको प्रयोगशालामा पनि एउटा मेसिन जडान गरिएको छ । कोभिड १९ को परिक्षण पिसाआर र आरडिटि गरि दुबै बिधिबाट गरिन्छ दुबै बिधिको जाँचबाट आजसम्म २६ हजार ७८ जनाको जाँच गरिएको छ जसमा पिसिआर बिधिबाट आजसम्म जम्मा ५,४२१ जनाको नमुना संकलन गरिएकोमा ४,९४३ नमुना जाँच भैसकेको छ । यसमध्ये ४ हजार ९सय २६ नमुना नेगेटिभ रहेको तथा १७ वटा नमुना पोजेटिभ रहेको छ भने ४७८ थ्रोट सव नमुना को नतिजा आउन वाकी रहेको छ । यसै गरि आरडिटि विधिबाट आजसम्म ३१,१३५ जनाको परिक्षण गरिएकोमा ३१,०५२ जनाको नतिजा नेगेटीभ आएको छ भने ८३ जनाको नतिजा पोजेटीभ आएको छ जसमध्ये पिसिआर विधिबाट पुन जाँच गर्दा ६२ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने बाकी २१ जनाको आरडिटि पोजेटिभ आएको मा थ्रोटसब संकलन गरि पिसिआर बिधिबाट जाँचको क्रममा रहेको छ । कोभिड १९ संक्रमितको अवस्थाका सम्बन्धमा अहिले सम्म संक्रमितको सङ्ख्या १७ जना रहेको छ जसमध्ये ५ जना निको भइ घर फर्किसकेका छन अन्य १२ जना सेति प्रादेशिक अस्पतालमा छ टिकापुरमा अस्पताल बैतडिमा १ डडेल्धुरा अस्पतालमा १जनाको उपचार भैरहेको छ जो हिजो मात्रै तिन जना देखिनु भाको छ उहा २ जना टिकापुर र १ जना दार्चुला अस्पतालमा उपचारत हुनुहुन्छ प्रदेशका बिभिन्न जिल्लाहरुमा क्वारेन्टाइन बेड सङ्ख्या २९,५६४ रहेको छ जसमा २१,५६१ जना हाल क्वारेन्टाइनमा बसिरहनु भएको छ । प्रदेशमा रहेका सरकारी अस्पताल हरु प्राथमिक स्वास्थ्य केन्द्रमा हाल

१६८ शैयाको आइसोलेसन बेडको व्यवस्था गरिएको छ र सेति र महाकालि अस्पतालको ५०/५० थप गरि जम्मा २६८ आइसोलेसन बेडको अवस्था हाम्रो शुदुरपश्चिम प्रदेशमा छ ९ वटै जिल्लामा संक्रमित बिरामीहरु को केश अनुसन्धान र सम्पर्क ट्रेसिङको कार्यलाइ व्यवस्थित गर्ने गरि आवश्यक कार्यहरु गरिएको छ । कोभिड १९ संक्रमणको अवधिमा अन्य बिरामीहरुको हितलाई मध्यनजर गरी अस्पतालबाट नियमित सेवा प्रबाह गर्ने व्यवस्था मिलाइएको छ । ९ वटै स्वास्थ्य कार्यालय मार्फत प्रत्येक जिल्लामा जनचेतना अभिबृदि आरडिटि परिक्षण क्वारेन्टाइन व्यवस्थापन मा सहयोग आपुर्ति व्यवस्थापन त्यसको अध्यन तथा अनुसन्धान गर्ने जस्ता कार्यहरु सञ्चालन भइरहेका छन । त्यसै गरि कोभिड १९ लाइ नै मध्यनजर गरि कहि कतै समस्या गुनासा वा सुझाव भएमा प्रदेश सरकारले ११४८ नम्बरको निःशुल्क हटलाइन समेत शुरु गरेको कुरा सम्मानित सदनलाइ जानकारि गराउदछु । शुदुरपश्चिम प्रदेश कोरोना भाइरस रोगको जोखिम नियन्त्रण तथा व्यवस्थापन कोषबाट यस मन्त्रालय मातहतका निकायवाट कोभिड १९ नियन्त्रण व्यवस्थापन कार्यको लागि ३१ करोड १३ लाख ३० हजार प्राप्त भएकोले सो को आवश्यकता र औचित्यको आधारमा खर्च भैरहेको छ । माननीय सभामुख महोदय, विश्व महामारिको रुपमा सन्त्रास फैलाइ रहेको कोभिड १९ रोगले मन्त्रालय एवम प्रदेश सरकारका काम कार्बाहिहरुमा गम्भिर असर परे पनि यसको रोकथाम नियन्त्रण तथा व्यवस्थापन गर्दै मन्त्रालय र मातहतका निकाय ले चालु आर्थिक बर्षमा गरेका प्रमुख क्रियाकलापको बारेमा सम्मानित सदनलाइ जानकारि गराउन अनुमति चाहान्छु । थारु समुदायमा लाग्ने सिकल रोगको उपचारको लागि सेति प्रादेशिक अस्पतालमा र थप व्यवस्थित गरिएको साथै महाकालि र टिकापुर अस्पताल लाइ पनि परिक्षण सेवाको रुपमा बिस्तार गरेको छ । अस्पतालमा प्रबाह हुने आधारभुत सेवालाइ थप व्यवस्थित गरि स्थानीय तहहरुमा आधारभुत स्वास्थ्य सेवाको पहुच बढाउनु प्रसुती केन्द्र, सहरि स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाइ भवनहरु निर्माण गर्ने प्रक्रिया शुरु गरेको ८८ ओटै स्थानीय तहहरुलाइ ५/५ लाखका दरले आधारभुत स्वास्थ्य सेवा सुदृढिकरण गर्ने स्वास्थ्य कार्यालयमा बजेट पठाइएको छ । मन्त्री परिषदको निर्णय अनुसार सेति अञ्चल अस्पताल लाइ सेति प्रादेशिक अस्पताल को रुपमा रुपान्तरण गरिएको सातै प्रदेश अन्तर्गतका सम्पुर्ण अस्पतालको स्तर उन्नतिका लागि मन्त्री परिषदमा प्रस्ताव पठाइसकेको, अस्पतालको भौतिक संस्थागत औजार उपकरण सेवा बिस्तार आदि कार्य गरि सेवालाइ थप व्यवस्थित तथा गुणस्तरिय बनाइएको । शुदुरपश्चिम आयुर्बेद स्वास्थ्य प्रतिष्ठान ऐन २०७६ स्विकृत भइ सो का आधारमा बृस्तृत परियोजना प्रतिवेदन तयार भैरहेको अन्य वैकल्पिक चिज प्रणालिको संरक्षण को हकमा जिल्लाहरुमा यो केन्द्र बन्ने प्रक्रियमा रहेको संघिय सरकार सँगको समन्वयमा ९ वटै जिल्लामा स्वास्थ्य बिमा कार्यक्रमहरु बिस्तार गरिएको शैक्षिक सत्र ७६ को शुरुका महिनामा बिद्यालय

भर्ना अभियान सञ्चालन भएको हालसम्म प्रदेशका तिनओटा जिल्ला साक्षर घोषणा भैसकेको र २ ओटा जिल्ला घोषणाको तयारिमा रहेको प्रदेश भित्रका सामुदायिक बिद्यालयमा कार्यरत ३५८० जना बिद्यालय सहयोगी हरुलाइ बार्षिक रु १०००० का दरले प्रोत्साहन रकम निकासा गर्ने कार्य भैरहेको, चालु आ.व मा १२८ वटा बिद्यालय भवन २४ वटा क्याम्पस भवन १३ वटा छात्रावास भवन तथा ५० वटा बिद्यालय भवनहरुमा घेरा पर्खालको निर्माण कार्य भैरहेको, प्रदेश भित्र सञ्चालन मा रहेका सुदुरपश्चिमाञ्चल लगायत अन्य विश्व बिद्यालय आंगिक र सम्वर्दन प्राप्त सामुदायिक क्याम्पस हरुको भौतिक पुर्बाधार बिकास तथा संस्थागत क्षमता बिस्तारका लागि अनुदान दिन बजेट बिनियोजन भइ कार्यान्वयनको प्रक्रियामा रहेको शिक्षा सम्बन्धि तथ्याङ्क व्यवस्थापनको लागि प्रदेश स्तरमा एकिकृत शैक्षीक वातावरण सुचना प्रणाली आइएम आइएस प्रयोग भैरहेको सार्बजनिक बिद्यालयमा अध्ययन गरेका पिछडियका क्षेत्र र बर्ग का जेहेन्दार बिद्यार्थि हरुलाइ चिकित्सा शिक्षा अध्ययन गर्न मन्त्रालय सुचना जारि गरि आवेदन संकलन छनोट प्रक्रियामा रहेको, दलित, दण्ड पिडित आदिवासि, जनजाति, सिमान्तकृत, अति बिपन्न समुदायका जेहेन्दार बिद्यार्थिहरुलाइ उच्च शिक्षा अध्ययनका लागि छात्रबृतिका लागि मन्त्रालयबाट सुचना जारि गरि आवेदन संकलन भइ छनोट प्रक्रियामा रहेको । स्नातक तहमा कृषिबिज्ञान बिषयको अध्ययन अध्यापन गर्ने हुने क्याम्पस गोकुलेस्वर कृषि क्याम्पसको क्षमता बिस्तार गर्न भवन निर्माणका लागि बजेट बिनियोजन भइ कार्य आरम्भ भएको प्रदेश खेलाडि कल्याण कोषको सञ्चालन कार्यविधि मुचुल्का तयार भएको दक्षिणी एसियाली खेलकुद प्रतियोगीतामा पदक प्राप्त गर्ने खेलाडिहरुको सम्मान गर्न बजेट बिनियोजन भइ सम्मान कार्यक्रमको लागि तयारि भएको । प्रदेशको बिकास तथा स्वरोजगारिलाइ टेवा पुग्ने गरि मूख्यमन्त्ति प्रदेश स्वास्थ्य स्वयम सेवक परिचालनका कार्यक्रम तर्जुमा गरि शुदुरपश्चिम स्वयम सेवक कार्याबिधि २०७६ बमोजिम स्वयम सेवक परिचालन भएको, महिला हिंशा छाउपडि प्रथा बोक्सि प्रथा जातिय भेदभाव उन्मुलन चेलिबेटि बालबालिका बेचबिखन तथा मानव ओसारपसार बिरुद सामाजिक रुपान्तरणका लागि एफ एम रेडियो मार्फत सचेतना मुलक सन्देश सामाग्रिहरु प्रसारण भैरहेको अन्त्यमा माननीय सभामुख महोदय भारतले अतिक्रमण गरेको हाम्रो प्रदेशको कालापानी, लिपुलेक र लिम्पियाधुरा सहितको भुभाग समेटि नक्सा सार्बजनिक गर्ने ऐतिहासिक निर्णय गरेको मा नेपाल सरकार लाइ हार्दिक आभार एवम धन्यवाद ब्यक्त गर्न चाहान्छु । सामाजिक बिकास मन्त्रालय कोभिड-१९ व्यस्थापन र कोभिड-१९ ले पार्न सक्ने सम्भावित असरहरु न्युनिकरणको लागि दिर्घकालिन रणनीतिका साथ स्थलगत रुपमै कार्य गरेको कुरा सम्मानित सदनलाइ जानकारि गराउदै उपचारमा खटिने चिकित्सक, स्वास्थ्य, कर्मिहरु सुरक्षा कर्मिहरु लगायत अन्य राष्ट्र सेवक कर्मचारि हरु, सञ्चार कर्मीहरु, जनप्रतिनिधीहरु, स्वयमसेवकहरु लगायत सबैलाइ निजहरुको कामको उच्च मुल्याङ्कन गर्दै सम्मानित सदन

मार्फत हार्दिक धन्यवाद ज्ञापन गर्दछु । हिजो मात्रै क्वारेन्टाइनको व्यवस्थापकिय कार्यमा रहदै गर्दा मृत्यु भएका कञ्चनपुर जिल्ला कृष्णपुर नगरपालिका वडा न. ४ का वडा अध्यक्ष कल्लु राना सहित कोभिड-१९ रोगका कारण ज्यान गुमाउने सम्पुर्ण प्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु । साथै कोरोना संक्रमितको शिघ्रस्वास्थ्य लाभको कामना गर्दै सुदुरपश्चिम प्रदेस बासि सम्पुर्ण दिदिबहिनि, दाजुभाइहरुलाइ विश्व व्यापि महामारीको रुपमा फैलिराखेको कोरोना जित्न उच्च मनोबलका साथ सावधानि अपनाउदै सरकारको हरेक निर्णयको पालना गर्न आग्रह सहित कोरोनालाइ पराजित गर्न सँगै हातेमालो गरौ भन्ने अनुरोध गर्दै, आफु पनि बचौ र अरुलाइ पनि बचाऔ भन्ने विश्वासका साथ यहाबाट बिदा हुन्छु, धन्यवाद ।

३. **माननीय सदस्यहरू,**

आजको विशेष समय यहि समाप्त हुन्छ ।

४. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई सुदूरपशिचम प्रदेशको आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय कोभिड १९ को कारणले सम्पुर्ण विश्व जगत नै आक्रान्त भएको अवस्थामा हाम्रो देशमा पनि कोरोना भाइरसबाट सुरक्षित हुन २०७७/११ गते देखी लकडाउन लागु गरिएको अवस्थामा सवैसरकारी कार्यालय पनि बन्द रहेको र प्रदेश सभाको पाँचौ अधिवेशन पनि लकडाउनकै कारण छिट्टै अन्त्य भै छैटौ अधिवेशन आहवान भएको र आर्थिक बर्ष ०७७/०७८ को बजेट संविधान अनुरुप नै समयमा पेश गर्नुपर्ने आवश्यक भएकोले नेपालको संविधान २०७२ को धारा २०२ को उपधारा १ बमोजिम सुदुरपस्चिम प्रदेश को प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ लाइ शंसोधन गरि कार्यान्वयनमा ल्याइएको यो शुदुरपश्चिर प्रदेशको आर्थिक कार्यविधि पहिलो अध्यादेश २०७७ लाइ सभा समक्ष टेबल गर्ने अनुमति चाहान्छु, धन्यवाद।

५. **माननीय सदस्यहरु,**

आर्थिक कार्यविधि (पहिलो संशोधन) अध्यादेश, २०७७ माथिको आजको कारवाही यहि समाप्त हुन्छ।

६. **माननीय सदस्यहरु,**

अब **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

७. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन,२०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

८. **माननीय सदस्यहरु,**

अब, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक, २०७६"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, स्थानीय तहका पदाधीकारी तथा सदस्यहरुको सेवा सुविधा सम्बन्धी ऐन २०७५ लाइ संसोधन गर्न बनेको विधेयक २०७६ माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सुचना दर्ता नगराइ विधेयकलाइ टेबल समक्ष मार्गदर्शन गरिदिनु भएकोले सम्पुर्ण माननीय सदष्य ज्यु हरुलाइ धन्यबाद प्रदान गर्न चाहान्छु । स्थानीय तहका पदाधिकारिहरुको सेवा सुविधा हरुलाइ तत्काल संशोधन गर्न अत्यावश्क भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै प्रस्तुत विधेयकलाइ सचीवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारि गराउन चाहान्छु माननीय सभामुख ज्युबाट विधेयक टेबल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावलि २०७४ को नियम १०६ को उपनियम १ बमोजिम स्थानीय तहका कर्मचारीको सेवा तथा सुबिधा सम्बन्धी ऐन २०७५ लाइ शंसोधन गर्न बनेको विधेयक २०७६ सभा समक्ष टेबल गर्दछु, धन्यवाद।

९. **माननीय सदस्यहरू,**

अब आर्थिक मामीला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहराले मिति २०७७।२।१३ गतेको सभाको बैठकमा सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधि (पहिलो संसोधन)अध्यादेश,२०७७र प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्तुत गरेको आ.व.२०७७।०७८ को पुर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको कार्वाही प्रारम्भ हुन्छ ।

१०. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बोहरालाई आ.व.२०७७।०७८ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस भनी प्रदेश सभा नियमावली २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय सुदुरपश्चिम प्रदेशको आर्थिक बर्ष ०७७/७८ को लागि बिनियोजित बिधेयकको सिदान्त, उदेश्य, प्राथमिकता र प्रमुख नीति कर बाहेक प्रस्तावलाइ सम्मानित सभामा छलफल गरियोस भनेर म प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

११. **माननीय सदस्यहरु,**

अब म आर्थिक मामिला तथा योजना मन्त्री माननीय झपट बहादुर बाहराले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

(“हुन्न” भनेपछि)

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ आ.व.२०७७।०७८को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथि सभामा छलफल गरियोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

१२. **माननीय सदस्यहरु,**

अब आ.व.२०७७।०७८ को पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेज माथिको छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय पूर्णा जोशी लाई समय दिन्छु ।

**पूर्णा जोशी -** माननीय सभामुख महोदय, आज गणतन्त्र दिवस लोकन्तान्त्रिक गणतन्त्र स्थापनाको निमित जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण आदरणीय सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र यस क्रममा घाइते र अङ्गभङ्ग हुने, वेपत्ता हुने सम्पुर्ण आदरणीय गणतन्त्र प्रेमि जनहरुमा म गहिरो समवेदना व्यह्त गर्न चाहान्छु । लकडाउनको समयमा पाचौ अधिवेशन स्थगित भयो र लकडाउनकै समयमा छैटौ अधिवेशन प्रारम्भ भएको छ । सर्ब प्रथम यो अधिवेशनको पुर्ण सफलताको निमित म हार्दिक शुभकामना ब्यक्त गर्न चाहान्छु ।माननीय सभामुख महोदय, कोरोना भाइरस कोभिड-१९ को कारण विश्व महामारिमा छ साढे ३ लाख भन्दा बढि मानिसहरुको मृत्यु भैसकेको छ त्यस्तै संक्रमितको सङ्ख्या दिनानुदिन बढिरहेको छ नेपालमा पनि ४ जना नेपालि हरुले संक्रमणको कारण मृत्यु भएको छ र रोगको प्रकोप दिनानुदिन बढिरहेको छ यो संक्रमणको कारणले मृत्यु हुने सवैमा म भावपुर्ण श्रदान्जली अर्पण गर्न चाहान्छु । परिवार जनमा गहिरो समवेदना ब्यक्त गर्न चाहान्छु र उपचारत सवैमा शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहान्छु । कोरोना भाइरस कोभिड १९ संक्रमण विरुदको लडाइमा अग्र भागमा रहेर सेवा प्रदान गर्नुहुने आदरणीय चिकित्सक ज्युहरु, स्वास्थ्यकर्मीहरु, सफाइकर्मिहरु, चालकहरु तथा सुरक्षाकर्मीहरु, सञ्चारकर्मिहरु यो संक्रमणका विरुद लड्नुहुने स्वमसेवि सबैमा म हार्दिक सम्मान ब्यक्त गर्न चाहान्छु, हार्दिक नमन ब्यक्त गर्न चाहान्छु । माननीय सभामुख महोदय यो काममा नेपाल सरकार प्रदेशको सामाजिक बिकास मन्त्रालय लगायतका निकायहरुले जारि गरेका सन्देश हरुको पुर्ण पालना गरि आफु बच्ने र अरुलाइ बचाउने काममा तपाइ हामी सवै लागि परेका छौ । यो कामको निरन्तरताको निमित म सवैमा पुनहः अपिल गर्नचाहान्छु । माननीय सभामुख महोदय यसै विचमा संघिय संसदमा सन १८१६ को सुगौलि सन्धि ले तय गरेको निर्धारण गरेको लिम्पियाधुरा, कालापानी लगायत लिपुलेकको भु-भागलाइ समेटेर नेपालको नक्सा जारि भएको छ । नयाँ नक्सा जारि भैसके पछाँडि एकप्रकारको विश्वभर नै नेपालीहरुमा एउटा प्रकारको उत्साह कायम भएको छ उत्साह जागेको छ यसकामको निमित नेपाल सरकारले जारि गरेको यो नक्साका प्रति अथवा आफ्नो भुभागलाइ

दावी गरेर जारि गरेको नक्साको प्रति म नेपाल सरकार संघिय सशद, संघिय मन्त्री परिषद लाइ सम्पुर्ण नेपालिरुलाइ म हार्दिक धन्यवाद दिन चाहान्छु । माननीय सभामुख महोदय रुकुम पश्चिम घटना अहिले नेपालको मात्रै होइन विश्वको मानव जातिको एउटा कलंकको रुपमा सर्बत्र बिरोध, सर्बत्र निन्दा, सर्बत्र एउटा चासोको बिषय भएको छ । यो घटनामा संलग्न भएका मान्छेहरुको तत्काल खोजि गरि सत्य तथ्य छानविन गरि दोषि उपर कडा भन्दा कडा कारवाहि गर्नुपर्छ र त्यो घटनामा मारिनु भएका युवाहरु र उहाहरुको परिवारलाइ न्याय दिनको लागि उहाहरुको परिवारलाइ सुरक्षा उहाहरुको परिवारको भरण पोषणको ब्यस्था नेपाल सरकारले गर्नुपर्छ भन्नेकुरा हरु म राख्नचाहान्छु । माननीय सभामुख महोदय आर्थिक बर्ष ०७७/०७८ को बिनियोजन बिधेयकको सिदान्त, उदेश्य, प्राथमिकता र प्रमुख नीति माथि बोल्न समय प्राप्त भएको छ मैले यस सन्दर्भमा प्रवेश गर्नुपुर्ब केहि थोरै आफ्ना बिशेस समयका कुराहरु गर्ने छु र त्यसपुर्ब यो बिषयमा म छलफलका लागि म प्रस्तुत हुने छु । माननीय सभामुख महोदय हरेक समयमा अधिवेशन सफलताको शुभकामना दिने क्रम हुन्छ यो अधिवेशनको पुर्बार्धमा पनि दलगत रुपमा दलका नेताहरुले शुभकामना ब्यक्त गर्नुभएको छ यश क्रममा मेरो भन्नु केहि पनि छैन तर आर्थिक बर्ष २०७७/०७८ को बिनियोजन बजेटको सिदान्त, उदेश्य र प्राथमिकता र प्रमुख नीतिहरुलाइ प्रस्तुत गर्ने क्रममा माननीय आर्थिक मामिला तथा योजना मन्त्री ज्युले दिनुभएको अभिव्यक्ति लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालले दावि गरेको भन्ने कुरा उहाले प्रस्तुत गर्नु भएको छ र कोरोना संक्रमणलाइ एउटा जोगिनको निमित अमेरिकाको झन्डा अंकित रुमालले यो माइक्रोफोन छोप्नु भएको छ । यि दुइटै कुराहरु सार्भभौम संसदको लागि एउटा लज्जाको बिषय हुन भन्ने कुरा मलाइ लाग्छ र मैले यो जुन सदन सुरुवात भएको दिन यस्ता अभिव्यक्ति एउटा राष्ट्रियता, राष्ट्रिय एकता, राष्ट्रिय स्वाधिनता माथि राष्ट्रको अखण्डता माथि जुन खालको एउटा सिङगो नेपालको शिर झुक्ने गरि प्रदेश सभामा यि प्रस्तुतिहरु भय यो प्रसतुतिले सिङ्गो सदनलाइ मात्रै होइन हाम्रो प्रदेशको भुभाग मिचियको थियो । हाम्रो प्रदेशको भुभाग अतिक्रमण भएको थियो प्रदेशले त्यो भुभाग फिर्ता पाएको कुराहरु नक्सामा अंकित भएर आएको छ । यो प्रदेशले बिशेस गौरब गर्नुपर्ने सम्पुर्ण नेपालि ले गौरब गरेको दिन १ न. प्रदेशले गौरब गर्छ हामीले त्यलाइ बिबादित भुमि भन्छौ । यो कतिसम्मको अन्याय पुर्णकुरा हो हामीले लज्जित हुनुपर्ने किसिमको अवस्था प्रदेश सरकारको आधिकारिक धारणा हो अथवा जनताको आधिकारिक धारणा हो । यो प्रदेश सरकारले प्रष्ट पार्नुपर्छ भन्नेकुरा म राख्न चाहान्छु । माननीय सभामुख महोदय मैले आर्थिक बर्षमा प्रवेश गरिरहदा चालु र गत आर्थिक बर्षको मा भए गरेका कामहरुको समिक्षा गर्न पर्छ पर्दैन यो कुराहरु प्रदेश सरकारले जान्नु पर्ने विषय हो गत आर्थिक बर्षबाट यो चालु आर्थिक बर्षमा प्रदेश सभाका माननीय सांसदहरु सिङ्गो प्रदेशले जेजस्तो किसिमको निराशा भोग्यो जेजस्ता किसिमका

अभिव्यक्तिहरु जनजन बाट ति उठिराखेका छन । प्रदेश सरकारको मात्रै होइन सिङ्गो प्रदेशको औचित्य, संघिय गणतन्त्र को औचित्य, लोकतान्त्रिक गणतन्त्रको औचित्य माथि यो संघियता माथि खतरा किसिमका जुन कुराहरु हामीले सामाजिक सञ्जाल समाचार लगायतको तितो गरेर सुन्छौ यसको जिम्मेवारि हामी लिनुपर्छ कि पर्दैन । त्यसैले गर्दा खेरि हामीले गर्ने कामहरु हामीले बनाउने नीति हामीले गर्ने क्रियालाप गर्ने सिङ्गो एउटा व्यवस्ता नै निराश हुनुपर्ने परिस्थिति कहाबाट सिर्जना भयो यसको जवाफ प्रदेश सरकारले दिनुपर्छ भन्ने कुराहरु म राख्न चाहान्छु । आर्थिक बृदिमा ४.८ प्रतिशत एउटा बृदि भएको छ भन्नेकुराहरु प्रदेशको एउटा गौरव गर्न लायकको कुराहरु माननीय आर्थिक मामिला मन्त्री ज्युले प्रस्तुत गर्नु भएको छ म एउटा प्रदेश सभाको सदष्यको तर्फबाट उहालाइ धन्यबाद दिन चाहान्छु र केहि जिज्ञासा पनि राख्न चाहान्छु । प्रदेश सभामा यो प्रस्तुत भैरहदा खेरि यसले ४.८ प्रतिशत जो चाहि बृदि भाको छ यसले कति सहयोग पुर्याको छ यो पनि कुराहरु पनि खुल्नुपर्ने हुन्छ । प्रतिव्यक्ति आय कति बड्यो खुल्नुपर्ने हुन्छ । कति स्वरोजगारी भय कति बेरोजगारले रोजगार प्राप्त गरे कति युवाहरुलाइ रोजगारी दिइयो कति युवाहरुलाइ भारत लगायत तेस्रो मुलुक जानबाट रोकियो यो कुराहरुको पनि समिक्षा भएर आयो भने यो सन्तृष्टि, यो विश्वसनियता उहाले प्राप्त गर्नुहुनेछ । त्यसकारणले गर्दा खेरि मैले उहाँलाइ यो कुराको पनि बिस्तारित रुपमा बताउनको लागि मैले अनुरोध गर्न चाहान्छु । माननीय सभामुख महोदय अक्षर र अंक छुट्याउन नसक्ने हामीले जुन आर्थिक बर्ष गर्न नपाउने किसिमको संसदिय परम्परा बोकेको रातो किताबमा समेटिएका योजना कार्यान्वयन कति भय बिनियोजित हुन बाकि रहेको रकम कसरि भाग बण्डा बनाइयो र अहिलेसम्म पनि हिजोका मितिसम्म पनि जुन रकामान्तरहरु भएका छन यो कुन बिधि र प्रक्रियाबाट भए को हो भन्नि कुरा पनि म प्रदेश सरकारलाइ अनुरोधका साथ सोध्न चाहान्छु । माननीय सभामुख महोदय मुलुक भित्रै र पछिल्लो समय कोरोना संक्रमणको कारण श्रम र रोजगारी गुमाएका ठुलो सङ्ख्यालाइ स्वरोजगारी बनाउनको लागि गत २ बर्ष देखि अगाडि स्वरोजगार विदेयक हामीले ल्यायका थियौ स्वरोजगार ऐन आको छ । स्वरोजगार नियमावलि कार्य बिधी बन्यो, बनेन भन्ने कुराहरु हामीलाइ थाहा छैन । त्यो २ अरब पैसा अहिले सम्म किन खर्च हुन सकेन किन त्यसले यो प्रदेशका युवाहरु लाइ स्वरोजगारी बनाउन सकेन भन्ने खालको कुराहरु पनि प्रष्ट रुपमा, त्यो हुन नसक्नुको कारण, त्यो बाधाको कारण प्रदेश सभामा उहाले प्रस्तुत गर्नु पर्छ भन्ने कुरा म राख्न चाहान्छु । माननीय सभामुख महोदय प्रदेश सभाले यो प्रदेश सरकारले प्रदेश सभाका माननीय हरुको भुमिका संकुचित गरेको छ बिशेस गरिकन कोरोना महामारिको कारण दिनानुदिन बढ्दै गएको संक्रमण, दिनानुदिन बढ्दै गएको अभाव, दिनानुदिन बढ्दै गएको तनावलाइ सबैलाइ सँगै लिएर प्रदेश सभा र सिङ्गो प्रदेश सभा मात्रै होइन यो प्रदेशका जनतालाइ पनि सँगै लिएर यो प्रदेशका बिज्ञ हरुलाइ सँगै लिएर यो प्रदेश

साथ लिएर विश्व भरि रहेका नेपालीहरु लाइ एकसाथ लिएर अगाडि बढ्न सक्थ्यो प्रदेश सरकार तर प्रदेश सरकारले गर्ने हरेक गतिविधिहरुमा प्रदेशका माननीय सांसदहरुले कतै पनि भुमिका पाएको देखिदैन केवल श्रेय लिने दौडमा प्रदेस सरकार कुदेको जस्तो हामीलाइ महसुस भएको छ । यस कारणले गर्दा खेरि प्रदेश सरकार ले समन्वय, सहकार्य, सहअस्तित्व को मा किन विश्वास गरेन भन्नेकुराहरु हामीलाइ ताजुव लागेको छ । यो कुराहरुको जवाफ पनि प्रदेश सरकारको  तर्फबाट हामीले पाउनुपर्ने हुन्छ । माननीय सभामुख महोदय नेपालको संविधान २०७२ को मुल मर्म भनेको जनताको जिन्दगीलाइ बेटर बनाउने हो, राम्रो बनाउने हो जनताको जिन्दगी राम्रो बनाउने नाममा कति जनाको जिन्दगी राम्रो बन्यो आम जनताको जिन्दगी किन राम्रो बनेन हाम्रा दुइ बर्ष अढाइ बर्षका बजेट हरुले कति जनताहरु को जिन्दगी राम्रो बनाउन सक्यो भन्ने कुराहरु मैले राख्न चाहान्छु । माननीय सभामुख महोदय चुनाव जितेर सरकारमा गै सकेपछी समृदि प्राप्त हुन्छ अथवा यकैचोटि त्यो समाजबाद आउछ भन्ने खालको भ्रममा हामी कसरि रह्यौ यो कुराहरुको जवाफ पनि प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने हुन्छ । माननीय सभामुख महोदय योजना आयोग बनेको छैन प्रदेशमा प्रदेशले एउटा आफ्नो गुरुयोजना पनि बनायको छैन । प्रदेश ले गर्नुपर्ने गौरबका योजना हरु जुन बजेट बिनियोजन समेत भैसकेको त्यो बनेको छैन प्रदेशको राजधानी तय भयो निर्णय भयो तर त्यो राजधानी कहिले बन्छ लगायतका कुराहरु बिगतमा निर्णय गरिएका, बिगतका नीति कार्यक्रममा आयका कुराहरु किन लागु हुन सकेनन् अहिले प्रदेश सरकारले ४ ओटा कुरालाइ दोष दियर आफु पन्छियको छ । शुरुमा कर्मचारी भएन भन्ने कुराहरु भयो ,त्यसपछी कानुन भयन भनियो, त्यसपछी कार्यविधी भयन भनियो अहिले चाहि कोरोनाको कारण हामीले काम गर्न सकेनौ भन्ने कुराहरुले प्रदेश सरकार उम्किन पाउदैन । त्यसकारणले गर्दा खेरि यो सम्मानित सदन मार्फत म प्रदेस सरकारलाइ बिशेस गरिकन यो विधेयक प्रस्तोता मैले सक्नै लागे मैले शुरुमा पनि भन्या थिय मेरो एउटा फेज भनेको मैले बिशेस समय को रुपमा लिनि छु र त्यस पछाडि म यसमा प्रबेस गर्छु भन्या छु । माननीय सभामुख महोदय २ मिनेट समय भय पनि यहाले मलाइ उपलब्ध गराउनुहुनेछ भन्ने कुरा म राख्न चाहान्छु । माननीय सभामुख महोदय मैले अब यो प्रदेश सभाको बैठकमा जुन आर्थिक बर्ष २०७७/०७८ को बिनियोजन बिधेयकको सिदान्त उदेश्य र प्राथमिकता बिशेस गरिकन गत बर्षकै कपि छ यसमा केहि कोरोनाका कुराहरु कोरोनाको कारणबाट सिर्जना भएका कुराहरु थपिने बाहेक अन्य कुराहरु कुनै नौला कुराहरु छैन भन्ने कुराहरु म राख्न चाहान्छु र मैले बिनम्रताका साथ अनुरोध गर्न चाहान्छु प्रदेशको जन स्वास्थ्य प्रदेशको जनताहरुको आम जिन्दगी, प्रदेशको जनताहरुले यत्रो युवाहरु भारत लगायतको तेस्रो मुलुकबाट आएका छन यि मान्छेहरुलाइ सुरक्षित सँग आफ्नो प्रदेशमा काम गर्ने वातावरण आफ्नो प्रदेश प्रति विश्वास जगाउने कामको लागि यउटा कोरोना संक्रमण एउटा खरानीबाट

बौरिने अवसर पनि हुनसक्छ । यो चुनौतिलाइ प्रदेश सरकारले अवसरका रुपमा लियोस भन्दै कामना गर्दै म मेरा भनाइहरु अन्त गर्दछु, धन्यवाद ।

**माननीय भरत बहादुर खड्का -** सभामुख महोदय आज हाम्रो प्रदेश सभाको बैठक विशेस परीस्थितिमा बैठकको प्रारम्भ भएको छ । विश्व कोरोनावाट आक्रान्त छ हाम्रो जस्तो कमजोर मुलुक स्वास्थ्यको लागि ज्यादै कमजोर मुलुक झन प्रभावित भएको छ । जनताहरु त्रयानम छन कोरोनाबाट ज्यान गुमाउने ब्यक्तिहरुलाइ हार्दिक श्रदान्जलि ब्यक्त गर्दै शोकाकुल परिवार प्रति समवेदना ब्यक्त गर्न चाहान्छु । साथै आज गणतन्त्र दिवस जनता सार्बभौम भएको दिन सभामुख मार्फत माननीय सांसद ज्यु र शुदुरपश्चीम बासिलाइ म हार्दिक बधाइ दिन चाहान्छु । सरकारका अन्य क्रियाकलापका बारेमा पनि बिशेस समय लिएर बोल्ने छु म आज नीति तथा कार्यक्रम को बारेमा केहि कुराहरु राख्न चाहान्छु । आर्थिक बर्ष २०७७/०७८ को बिनियोजन विधेयकको सिद्धान्त उद्देश्य, प्राथमिकता र प्रमुख नीतिको बारेमा बहस प्रारम्भ भएको छ सर्सति मैले यो पढे लेखेका कुराहरु अति शुन्दर छन तर कार्यान्वयन पक्षमा हामीले कति परिणाम ल्याउन सक्यौ भनेर गम्भिर रुपमा त्यसको टिपमान गर्न जरुरि हुन्छ । लेखेर मात्र हुदैन हामीले खोजेको जनताले खोजेको परिणाम हो । आज त्यो परिणाम हामीले कति दिन सक्यौ भन्ने कुरा महत्वको बिषय हुन्छ र आज देशको अर्थतन्त्र कतातिर पुगेको छ । अब यो कोरोना महामारी कतिसम्म चल्छ र अब यो शुदुरपश्चिम प्रदेशको हिसाबमा हामीले यहाको आर्थिक अवस्था लाइ कसरि ब्यस्थापन गर्न सकिन्छ कस्तो नीति अवलम्वन गर्न सकिन्छ भन्ने वारेमा गम्भिर रुपमा छलफल गरेर । हामी यो खालको नीति लाइ अवलम्वन गर्नु पर्नेछ र जहासम्म मलाइ लाग्छ हाम्रो उदेश्य भनेको लोकतान्त्रिक मुल्य मान्यता मा आधारित समाजमा प्रतिबद्ध समृद राष्ट्र निर्माण गरिने हाम्रो उदेश्य हो त्यो संविधानको प्रस्ताबनामा हामीले उल्लेख गरेका हौ । समाजवाद भन्दा खेरि त्यो डिस्टेक गरेको समाजवाद होइन लोकतान्त्रिक मुल्य र मान्यता मा आधारित समाजबाद प्रति प्रतिबद हुदै भनेर हामीले प्रेम बलमा लेखेका छौ प्रेम बल परिवर्तन हुदैन अरु संसद हरु हुन्छ त्यसलाइ बुज्न जरुरि छ । नीति तथा कार्यक्रममा मात्र समाजवाद ल्यायर लेखेर हुदैन त्यो अनुसारका कार्याक्रमहरु पनि आउनुपर्छ भन्ने मलाइ लाग्छ अर्को कुरा सबल लोकतन्त्र सुदृष्ठ संघिय शासन प्रणाली शान्ति र स्थिरता स्वच्छ र कम खर्चिलो निर्वाचन र मौलिक हकमा व्यवस्था भएको नागरिकहरुका जो अधिकार छन तिनको सहभागित जुन छ जो मौलिक हकमा संविधानमा लेखेको छ त्यसलाइ प्रत्याभूत हुने खालको हामीले नीति तथा कार्यक्रम ल्याका छौ । कि छैन त्यो बिषय पनि हामीले हेर्न जरुरि छ । आज हामीले कृषिका कुरा, जलस्रोतका कुरा धेरै उठायौ र कृषि क्षेत्रलाइ बैज्ञानिकरण गर्ने भनेर धेरै अनुदानका कुराहरु पनि गर्यौ त्यो कसरि खर्च भयो कहा खर्च भयो र कृषि क्षेत्रमा कति उपलब्धी लिन सक्यौ । बडा बिडम्बनाको कुरा छ सबै हामी

समाचार सुन्छौ आज बिहानै पनि मैले एउटा समाचार सुनेको छु । काभ्रेमा एउटा क्यारेट गोलभेडा १२० रुपियामा पनि किन्न मानेन सरकारले तर इन्डियाको तरकारि धमाधम आइराखेको छ । स्वयम हाम्रो आप्नो उत्पादित तरकारी हाम्रो बारिमा कुहिइ राखेको अवस्था छ यो कसरि कृषकहरुलाइ हामी माथि उठाउन सक्छौ र कहा हाम्रो सरकार छ कस्लाइ भन्ने अनि आदर्शका कुरा गरेर त हामी अगाडि बढ्न सक्दैनौ यो सामान्य कुराको पनि हामीले व्यवस्था गर्न सकेनौ । आज कैलालि, कञ्चनपुर हाम्रो खाद्यको भण्डार हो आज २३ अरबको बस्तुहरु गौरिफन्टा नाकाबाट आयात गरिएको छ ७५ करोड बराबरको मात्रै निर्यात भएको छ । अब यस्तो किसिमको असन्तुलन ले गर्दाखेरि हामी कति दिन थेग्न सक्छौ । र पछिको अवस्था हाम्रो के हुन सक्छ भन्ने बारेमा पनि हामीले सोच्नुपर्ने अवस्था आएको छ अब अहिले त भारतबाट खचाखच हाम्रा मान्छेहरु आइसकेका छन एकातिर कोरोनाको प्रभाव त्रजातित दोस्रो कुरा ३/४ लाख मान्छे यहा आउदाखेरि दैनिक खाद्यान्न कति लाख केजि चाहिन्छ अब कल्पना गरौ भोलि भारतमा पनि भयाभह स्थिति भयो । त्यहाबाट पनि बस्तुहरु आउन सकेन भने हामीले त्यसको के प्रबन्ध गरेका छौ, के सोच राखेका छौ र हामी कति महिना थेग्न सक्ने अवस्थामा छौ तेतातिर पनि हामी गम्भिर हुन जरुरि छ । त्यसैले मलाइ के लाग्छ भन्दाखेरि हाम्रा साझा कुराहरु सरकार एउटा वैधानिक हुन्छ । एउटा माध्यम हो जसरि आज सरकारले लकडाउन गर्नुपर्छ भनेर त्यसको नीति ल्याको छ हामीले पुर्ण पालना गर्नुपर्छ सहयोग गर्नु पर्छ यो हाम्रो सबैको साजा दायित्व हो सरकारले गरेको निर्णयलाइ सफल बनाउन पर्छ त्यो हाम्रो साझा दायित्व हो सारा बल सारा नेपालीले त्यलाइ सहयोग गरे तर लकडाउन गरेर निर्णय गरेर पुग्दैन लकडाउन सँग जोडियका साधारण जनताका दाल, चामल, तेल, नुन, साबुन, ब्रुस जस्ता सामान्य कुरा हरुको सम्म आपुर्ति गर्न सकेनौ भने लकडाउन सफल हुन्छ कि हुदैन । लकडाउन भनेर खालि घर भित्र मात्र बस्नका लागि होइन सारा नेपाली सरकार त्यसमा गम्भिर हुन जरुरि छ । आज स्थानीय तहका जनप्रतिनिधिहरु खटिराखेका छन प्रदेश सरकारले पनि आफ्ना क्रियाकलापहरु पनि अगाडि बढायको छ तर पुगेको छैन प्रदेश सरकारले गरेका कुरा हरु पनि प्रभावकारि रुपमा जनतामा अनुभुति पुगेको छैन केहि कुरा परेको छ। र आज यहि वडामा ३०० जना क्वारेन्टाइनमा बस्नुपर्ने वाध्यता छ । क्वारेन्टाइन भनेको एउटा हलमा सयौ मान्छेलाइ सुताउने होइन एउटा ट्वाइलेटले ३०० मान्छे राख्दा एउटा ट्वाइलेट मापदण्ड अनुसार त्यो क्वारेन्टाइन हुन्छ कि हुदैन खालि संख्याको आधारमा हामीले तोकिदिने आज वडावडामा यि समस्याहरु छन । तिनलाइ कस्ले पाल्ने कहाबाट ल्याउने पैसा स्थानिय तहले यो कुरा गम्भिरताका साथ प्रदेस सरकारले सोच्नु पर्नेहुन्छ र प्रबन्ध गर्ने कुराहरु पनि म यहा राख्न चाहान्छु । आज हाम्रो अर्थतन्त्रको अवस्था लाइ हेर्ने हो भने मुद्रा स्थिति कसरि बढिराखेको छ यसका तिनवटा चरण हुन्छन मैले बारम्बार भनेको छु एउटा स्लिपिङ

इन्फेलेक्सन, रनिङ इन्फेलेक्सन र जम्पिङ इन्फेलेक्सन जो यि चरणहरु हुन्छ र आज मलाइ त अत्यन्त चिन्ता र डर छ हामी रनिङबाट जम्पिङ तिर जान लाग्नु पर्ने अवस्था छ यदि समयमा हामीले त्यसमा ध्यान पुर्याउन सकेनौ भने हाम्रो मुद्रा स्थितिको अवस्था गम्भिर तिर जान सक्छ । १बाट ४, ४ बाट ८, ८ बाट १२ बाट २४ बाट ४८ हुनुपर्ने बोरामा पैसा  हालेर चाहिने हामीले कुनै दिन पाउरोटि किन्नु पर्ने दिन नआहोस । त्यसैले यस तर्फ पनि हामी गम्भिर बनौ किनभने हामी यो नीति तथा कार्यक्रम का सवै बुदा हेर्ने हो भने शुन्दर छन तर यहा पुर्बवक्ता आदरणीय माननीय ज्युहरुले पनि धेरै कुरा ब्यक्त गर्यौ सरकार गम्भीर हुनुपर्यो । सभामुख महोदय सवै माननीय ज्युहरु उत्साहित भएर आएका छन हामी पनि बिकासमा सहभागि बनौ सरकारलाइ हामी सहयोग गरौ त्यो जवाफदेहिताका साथ आतुत छन । सबै माननीय हरुकेहि न केहि भुमिका र पृष्ठभुमिबाट अनुभव प्राप्त गरेर आका माननीय ज्युहरु हामीले त खाली केहि १/३ वटा विधेयक पारित गर्नको लागी मात्रै यो सदन लाइ प्रयोग गर्यौं । सभामुख महोदय त्यसैले सदनलाइ चलायमान गर्नुपर्छ । सदनलाइ उत्पादकत्वको हिसावमा अगाडि वढाउनुपर्छ। यो सदन शुदुरपश्चिम सरकारको शुदुरपश्चिम वासिको लागि भरपर्दो सदनका रुपमा हामी यलाइ स्थापित गरौ मेरो सरकारसँग आग्रह छ किन भने यो सरकारको भुमिका मा निर्भर हुन्छ । सभामुख महोदय शान्ती सुरक्षा का कुराहरु र जहा सम्म भ्रष्टाचारका कुराहरु देखि लियर यि कुराहरुमा पनि हामीले समिक्षा गर्नु पर्छ । किनभन्दा खेरि शान्ती सुरक्षामा हामी कसरि गैराखेका छौ शुन्य भ्रष्टाचारका कुरा गठाका छौ र मलाइ लाग्छ भ्रष्टाचार टेबुल मुनिबाटै हुन्थ्यो आज त हामी लुच गरिराख्या छौ त्यसैले हाम्रा क्रियाकलाप प्रति जनताहरु वाक्क छन यि कुरहरुलाइ पनि हामी गम्भिरताका साथ सोचौ कुनै व्यक्तिले सुझाव देको खण्डमा गरि राख्ने होइन राम्रा सुझाव ग्रहण गर्ने हैसियत राख्नुपर्छ । त्यसलाइ व्यवहारमा पनि ल्याउनुपर्छ भन्ने मेरो मान्यता छ । सभामुख महोदय त्यसैले अहिले सम्म अख्तियारि गयको छैन कोरोना त लकडाउन त चैत बाटै शुरु भएको हो अहिले पनि अख्तियारि दिएको छैन मेरो प्रश्न छ सरकारसँग असार १ गते बजेट आउछ अहिलेसम्म अख्तियारि जादैन अनि सरकार के हेरि बसेको छ सरकारको भुमिका प्रभावकारि भयो को भएन अनि यो कुराबाट हामीले सरकारलाइ कसरि विश्वास गर्ने त्यसैले समग्र रुपमा सरकार असफल भएको छ किनभने यो नेकपालाइ दियौ, कांग्रेसलाइ दिएको छैन हामीलाइ पाँच बर्ष प्रतिपक्ष मै बस भनेको छ । त्यो भन्दा अलावा हामीसँग ठाउ छैन जिम्मेवार प्रतिपक्षको भुमिका हामीले के भनेका छौ भने हाम्रो गन्तव्य एउटै हो । उदेश्य एउटै हो सरकारलाइ साथ दिन्छौ सुदुरपश्चिम सारै पछाडि परेको प्रदेश हो हामी सरकारका साथमा छौ हाम्रो गन्तव्य एउटै हो भनेर सहकार्यका साथ अगाडि बढौ भनेर कांग्रेस ले भन्दै आएको छ । अब यो सरकारले ति सहयोगि हातहरुलाइ जिम्मेवारि पुर्बक ग्रहण गरेन र आफ्नै सांसदहरुकाट उचित सल्लाहलाइ पनि सरकारमा बसेका मित्रहरुले

त्यलाइ ग्रहण गर्न सकेनन त्यसैले नैतिक रुपमा यो सरकारले शासन अधिकार गुमाएको छ । सभामुख महोदय  यो सरकार यसै रुपमा जान्छ भने शुदुरपश्चिमका लागि अनुत्पादक बन्न सक्छ भन्नेकुरा हरु पनि म यहा भन्न चाहान्छु । त्यसैले यो नीति म अन्तमा अरु बिषय म पछि पनि बोलौला अन्तमा म के भन्न चाहान्छु भने नीति तथा कार्यक्रम लेखेर पढेर हुदैन अहिले सम्म संयन्त्र सरकारले बनाउन सकेको छैन र अहिलेसम्म नियमित बजेटहरु पनि खर्च हुन सकेको अवस्था छैन पहिला त कानुन बनेन हामी सिक्दै छौ भनेर गय हामीले त्यो कुरालाइ मान्दै गयौ अब त कानुन पनि ३ दर्जन नागिसक्यो । सभामुख महोदय अब कानुनले पनि साथ दिसक्यो र संयन्त्र कस्तो खालको बनाउदाखेरि बजेट छुट्याइसकेपछि योग्यता बनाइसकेपछि संयन्त्र कस्तो बनाउदा त्यलाइ प्रभावकारि कार्यान्बयन र परिणाम ल्याउन सक्छु भन्ने कुराहरु अहिलेसम्म पनि हामीले त्यो कुरातिर ध्यान नजाने, कैले केहि कुराले टाल्ने कहिले केहि कुराले टाल्ने त्यसैले मैले भन्न खोजेको कुरा के हो भने अब एसरि नजानुहोस अब तपाइहरुलाइ पनि दिक्क लागिसक्यो होला जस्तो लाग्छ आफ्नो भुमिका प्रति एउटा सुक्ष्म बिश्लेषण गर्नुहोस त। तपाइहरुका २ बर्ष नाघिसक्यो तपाइहरुले धैरै ठुलो अवसर पाको हो त्यसैले गर्दा खेरि तपाइहरु गम्भिर बन्नुहोस यहि तरिकाले गयो भने हामी त हिजो अस्ति शुभारम्भको दिन थ्यो यो सदन अत्यन्त राम्रो सँग जाओस भन्नेर हाम्रो सोचाइ थियो तर त्यो हुन सकेन यहि तरिकाले सरकारका मन्त्रीहरु चल्यो भने यो भन्दा जटिल अवस्था यो सदनमा आउन सक्छ । मेरो सुझाव हो, मेरो चुनौति होइन र अहिलेको अवस्थामा दुइटै कुरो हामीसँग छ चुनौतिपनि छ अवसर पनि छ । यो कोभिड ले हामीलाइ चुनौति पनि छ र यो कोभिड ले हामीलाइ अवसर पनि दिएको छ । हामी गम्भिर भएर राष्ट्र र जनतालाइ केन्द्र भागमा राखेर हामी नीति निर्माण गरौ, सहकार्य गरौ आवश्यक संयन्त्रको निर्माण गरेर प्रभावकारी रुपमा त्यसलाइ कार्यन्वयनका तर्फ लैजाउ र यो महामारीलाइ कसरि न्युनिकरण गर्न सकिन्छ । आर्थिक पक्षलाइ कसरि चलायमान गर्न सकिन्छ र शुदुरपश्चिम बासिलाइ शान्ती सुरक्षाको अनुभुति हामी कसरि दिन सक्छौ र उसको आर्थिक समृदि कसरि गर्न सक्छौ भनेर हामी सरकारका ताकमा छौ यो अधिवेशनको म पुर्ण सफलताको कामना गर्दछु । धन्यवाद ।

**माननीय गोविन्द राज बोहरा**

माननीय सभामुख महोदय डडेल्धुरा अमरगढि नगरपालिका ७ मा बस्ने निर्मला बोहराको हिजो एउटा होटलमा झुन्डिएर मृत्यु भएको छ । उहाप्रति हार्दिक श्रदान्जलि ब्यक्त गर्न चाहान्छु र सगसँगै त्यो घटना के कस्तो भएको हो सरकारले त्यसको छानविन गरेर अपराधिलाइ कानुनको दायरा भित्र ल्याएर कार्बाहि गर्नुपर्छ भन्ने अनुरोध गर्न चाहान्छु । यस्तै रुकुम चौरजारि मा जुन घटना भएको छ अत्यन्त दुखद घटना हो राष्ट्रिय दुखद घटना हो एउटा छुवाछुतको कुरालाइ लिएर दुर्घटना त्यहा भएको छ । मृतक प्रति समवेदना व्यक्त गर्न चाहान्छु । अपराधि

